# गाउँ कार्यापालिकाको मिति २०७६।१२।२३ गतेको निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा कोरोनो भाइरस संक्रमनको कारण लकडाउन भएको सन्दर्भमा दैनिक ज्यालामजदुरी गर्ने,आर्थिक अवस्था कमजोर भएका व्यक्तिहरुको दैनिक जीवनयापनमा कठिनाई भएको हुदा त्यस्ता निम्न वर्गको सहज जीवनयापनको लागि तत्काल राहात वितरण गर्न आवश्यक भएकोले राहात वितरणलाई व्यवस्थित र विवाद रहित बनाउन कानूनी व्यवस्थाको लागि **असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग, असहाय तथा विपन्न परिवारहरुलाई उपलब्ध गराइने राहत सम्बन्धी मापदण्ड , २०७६** स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा कोरोनो भाइरस संक्रमन को कारण लकडाउन भएको सन्दर्भमा विपन्न परिवार तथा कृषि लगायतका अन्य मजदुरहरुको लागि तत्काल राहत वितरण गर्नुपर्ने अवस्था भएको र त्यसको लागि यस गाउँपालिकाबाट स्वीकृत मापदण्डको आधारमा विपन्न परिवारको तथ्याङ्क संकलन गरि सुरक्षित तरिकाले तत्काल सवै वडाहरुबाट राहात वितरणको व्यवस्था मिलाउने । राहतको लागि तत्काल देहाय बमोजिम गर्ने :

१.वडागत रुपमा तपशिलका खाद्यान्न सामाग्रीहरु वितरण गर्ने र त्यसको नियमित प्रतिवेदन गाउँपालिका पेश गर्ने :

तपशिल :

| वडा नं. | चामल(कुइन्टल) | दाल(के.जी) | नुन(के.जी) | तेल(लिटर) | सबुन(वटा) |
|---|---|---|---|---|---|
| १ | ३५ | ४२० | १४० | १४० | १४० |
| २ | ३० | ४०० | १०० | १०० | १०० |
| ३ | ३० | ४०० | १०० | १०० | १०० |
| ४ | ३० | ४०० | १०० | १०० | १०० |
| ५ | ३० | ४०० | १०० | १०० | १०० |
| ६ | ३५ | ४२० | १४० | १४० | १४० |
| ७ | ५० | ४७० | १७० | १७० | १७० |
| जम्मा | २४० | ९१० | ८५० | ८५० | ८५० |

२. पहिलो चरणको राहत वितरण गरिसकेपछि नपुग भएको अवस्थामा वितरण गरेको अभिलेख कार्यालयमा पेश गरि थप आवश्यक सामग्री प्रमुख प्रशासकिय अधिकृतले कार्यालयको मौजादबाट उपलब्ध गराउने ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा राहत वितरणको लागि आवश्यक निर्णय नं. २ बमोजिमका सामग्री सूर्योदय कृषक बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड,राजपुर २ दाङले उपलब्ध गराउने र उक्त सहकारी संस्थालाई सामग्री खरिदको लागि  रकम रु १० लाख पेश्की स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।